## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सर्वजनिक गरिएको आ.व. २०८२/८३ को तेश्रो त्रैमासिक विवरण

### सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) संग सम्वन्धित विवरण ।

**क) निकायको स्वरुप र प्रकृति :**
कम्पनी ऐन २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ बमोजिम संचालित बैंक ।

**ख) निकायको काम कर्तव्य र अधिकार** :
बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ मा व्यवस्था भए वमोजिमका काम, कर्तव्य र अधिकार रहेको छ ।

**ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**
हाल कर्मचारी संख्या **१७४८** रहेको छ र बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भइरहेको छ । व्यवस्थापन समूहको नाम र पद **http://www.himalayanbank.com/executive** मा हेर्न सकिन्छ ।

**घ) निकायबाट प्रदान गरिने सेवा :**
बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ बमोजिम 'क' वर्गका बैंकले दिन सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु ।

**ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**
यस बैंकको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेवसाइट**http://www.himalayanbank.com** मा उपलब्ध छ ।

**च) सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि :**
बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकमा सम्पर्क गरी अथवा बैंकको वेबसाईटबाट जुनसुकै वेला पनि प्राप्त गर्न सकिनेछ ।

**छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी :**
बैंकको कारोवारका सम्वन्धमा विभिन्न प्रकारका निर्णय विभिन्न तहका अधिकारीहरुले गर्न सक्ने व्यवस्था/ प्रक्रिया मिलाइएको छ । प्रमुख कार्यकारी अधिकृत तथा बैंकको संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ ।

**ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी :**
ग्राहकहरुको गुनासो तथा उजुरी सुन्नका लागि तपसील बमोजिमका अधिकारी तोकिएको छ -

| | |
|---|---|
| गुनासो सुन्ने अधिकारी | : श्री सिसम प्रधानाङ्ग जोशी |
| पद | : सहायक प्रमुख कार्यकारी अधिकृत<br>हिमालयन बैंक लिमिटेड, प्रधान कार्यालय, का.म.न.पा. २८, कमलादी, काठमाण्डौ,<br>फोन न. ०१-५९७१३४६ |
| इमेल | : grievances@himalayanbank.com |

**झ) सम्पादन गरेको कामको विवरण :**
बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ बमोजिम 'क' वर्गका बैंकहरुले गर्नसक्ने सम्पुर्ण बैंकिङ्ग कारोवारहरु सम्पादन भैरहेका छन् ।

**ञ) प्रमुख सूचना अधिकारीको नाम र पद :**
ग्राहकहरुलाई आवश्यक सूचना प्रदान गर्न तपसील बमोजिमका अधिकारीलाई तोकिएको छ -

| | |
|---|---|
| प्रमुख सूचना अधिकारी | : श्री सुनिल प्रसाद गोर्खाली |
| पद | : सहायक प्रमुख कार्यकारी अधिकृत<br>हिमालयन बैंक लिमिटेड, प्रधान कार्यालय, का.म.न.पा. २८, कमलादी, काठमाण्डौं,<br>फोन न. ०१-५९७१३४६ |
| इमेल | : **sunil.gorkhali@himalayanbank.com** |

साथै यस बैंकका प्रदेश कार्यालय तथा शाखा कार्यालयहरुमा सम्वन्धित प्रदेश प्रमुख तथा शाखा प्रमुखहरुलाई सूचना अधिकारीका रुपमा कार्य गर्ने व्यवस्था गरिएको छ ।

**प्रमुखको नाम र पद : श्री अशोक शमशेर ज.ब.रा., प्रमुख कार्यकारी अधिकृत**

**ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**
प्रचलित सम्पूर्ण ऐन नियम, विनियम र निर्देशिकाहरु बैंकले पालना गर्नुपर्ने हुन्छ भने त्यस मध्ये देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागि प्रमुख रुपमा रहेका छन :

१. बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन २०५८
३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८
४. कम्पनी ऐन, २०६३
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४

६. सम्पत्ति शुद्धीकरण(मनि लाउन्डरिङ्ग)निवारण ऐन, २०६४
७. धितोपत्र सम्वन्धी ऐन, २०६३
८. सुरक्षित कारोवार ऐन, २०६३
९. मुलुकी देवानी संहीता ऐन, २०७४
१० विनिमय अधिकारपत्र ऐन, २०३४
११. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ आदि ।
१२. उपर्युक्त ऐनहरु बमोजिमकमा सम्पूर्ण नियम तथा विनियमहरु
१३. नेपाल राष्ट्र बैंकको सम्पूर्ण निर्देशिकाहरु

**ठ) बैंकको आम्दानी खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण:**

बैंकको आम्दानी खर्च तथा आर्थिक कारोवार सम्वन्धि त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ साथै त्यस्तो विवरण बैंकको वेब साइट http://www.himalayanbank.com मा समेत उपलब्ध छ ।

**ड) तोकिएबमोजिम अन्य विवरण :**

नियमानसार तोकिए बमोजिमको अन्य विवरणहरु समेत राष्ट्रिय स्तरको दैनिक पत्रिकाहरुमा प्रकाशन गर्नुका साथै बैंकको वेबसाईट http://www.himalayanbank.com मा समेत अद्यावधिक गर्ने गरिएको छ ।

## सूचनाको हक सम्वन्धी नियमावली, २०६५ को नियम ३ संग सम्बन्धित विवरण

**क) अधिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण**

यस बैंकले बैंकिङ्ग कारोवार सम्बन्धी कार्य गर्दै आएको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना संचालन गरेको छैन ।

**ख) सार्वजनिक निकायको वेब साइट भए सो को विवरण**

www.himalayanbank.com

**ख) (१) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :**

बैंकले कुनै वैदेशिक सहायता, ऋण अनुदान एवं प्राविधिक सहयोग प्राप्त गरेको छैन तथा सो सम्बन्धी कुनै सम्झौता गरेको छैन ।

**ख) (२) सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति विवरण :**

बैंकले बैंकिङ्ग कारोबार सम्बन्धी कार्य गर्दै आएको र बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तरर्गत विभिन्न कार्याक्रम सञ्चालन गर्दै आईरहेको छ ।

**ख) (३) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :**

सूचना वर्गीकरण नगरिएको र सूचनाको अनाधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गरिएको ।

**ख) (४) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय :**

बैंकले सार्वजनिक गरेको तथा प्रचलित कानून बमोजिम प्रकाशन गर्न मिल्ने सूचनाहरु माग भई आएमा सम्बन्धित निवेदकको माग बमोजिम सूचना उपलब्ध गराउने गरेको छ ।

**ग) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण :**

वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेब साइटमा समेत प्रकाशन गरिएको छ साथै बैंकको आर्थिक विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय स्तरका पत्र पत्रिकाका साथै बैंकको वेब साइटमा समेत प्रकाशन गर्ने गरिएको छ ।

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

**हिमालयन बैंक लि.**
**केन्द्रीय कार्यालय, कमलादी, काठमाण्डौं ।**
**फोन नं. ०१-५९७१३४६**